प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २९२ ॥ २०८१ मंसिर २८ गते शुक्रबार (13th Dec 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# गिरीबन्धुको फ्याक्ट्री अगाडि बम राख्ने थप दुई पक्राउ



झापा(प्रस) । नेकपा (माओवादी) पूर्व केन्द्रीय कमाण्डको नाममा गिरीबन्धु टी इस्टेटको चिया फ्याक्ट्री अगाडि कुकर बम राखेर आतंकित पार्ने थप दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा गोरखा पालुङटार नगरपालिका वडा न. ७ घर भई हाल जिल्ला तनहुँ ब्यास नगरपालिका वडा न. १४ बस्ने गौरव उपनाम भएका ३६ वर्षीय अमृत सापकोटा र खोटाङ खोटेहाङ गाउँपालिका वडा न. ७ कातिके टोल बस्ने समर्पण भट्टराई उपनाम भएका ३५ वर्षीय दिलिप भट्टराई रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साको सहयोगमा मंसिर २५ गते पक्राउ गरी बिहीवार झापा जिल्ला अदालतबाट ९ दिन म्याद मिलान गरी इलाका प्रहरी कार्यालय बिर्तामोडबाट थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

यसअघि मंसिरको दोस्रो साता घटना गराएको करिव अढाई महिनापछि दुई जना पक्राउ परेका थिए । पक्राउ पर्नेहरुमा मोरङ मिक्लाजुङ गाउँपालिका वडा नं. ९ मधुमल्ला बस्ने ३६ वर्षीय राजकुमार माझी र कानेपोखरी गाउँपालिका वडा नं.६ शिवालय टोल बस्ने २० वर्षीय धिरज माझी रहेका छन् । राजकुमारलाई उर्लाबारी नगरपालिका वडा नं. ७ उर्लाबारी चोकबाट पक्राउ गरिएको थियो भने सोही दिन धिरज पथरीशनिश्चरे नगरपालिका वडा नं. १ जातेरोड चोकबाट पक्राउ परेका थिए ।

घटनापश्चात् फरार रहेका उनीहरुलाई सुक्ष्म रुपमा अनुसन्धान गरी पक्राउ गरिएको डीएसपी चन्दले बताए । उनीहरुलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले जिल्ला अदालतबाट विष्फोटक पदार्थसम्बन्धी कसूरमा अनुसन्धान गरिरहेको चन्दले जानकारी दिए ।

गत भदौ २८गते बिहान अन्दाजी ६:१० बजे बिर्तामोड नगरपालिका वडा नं. ६ स्थित गिरीबन्धुकै शमशेर एण्ड गंगादेवी टी स्टेट प्रा.लि. को पश्चिम पर्खालनजिकै क्षति पुर्याउने उद्धेश्यले उनीहरुले कुकर बम राखेका थिए । नेकपा (माओवादी) पूर्व केन्द्रीय कमाण्ड गिरीबन्धु टी स्टेटको जग्गा कब्जा किन..?लेखिएको पर्चा त्यहाँ भेटिएको थियो ।

# खानेको भीड लाग्दा भाक्काको मौसमी व्यापार बढ्दै

• द्रोण अधिकारी

भद्रपुर । पूर्वी तराईको विशेष परिकारका रूपमा परिचित भाक्का खानेको भीड चिसो मौसम सुरु भएसँगै सडक किनार तथा बजार आसपास प्रशस्त देखिन थालेको छ । झापा र मोरङका आदिवासी राजवंशी समुदायको विशेष परिकारको पहिचान रहेको भाक्का जाडो बढेसंगै अधिकांश चोक बजारमा खानेको भीड लाग्न थालेको हो ।

कुनै रसायन नमिसाइकन धानको पिठोबाट बनाइने भाक्का पोषिलो, स्वादिलो र अडिलो हुने हुँदा अधिकांश मानिसहरूले यसैलाई विहान र साँझको खाजाको रूपमा प्रयोग गर्ने गरेका छन् ।

आदिवासी समुदायका महिलाहरूले बिहान झिसमिसेदेखि नै राजमार्गका किनारमा, गाउँ तथा शहरका चोक र गल्लीहरूमा माटाको हण्डीमा पानी उमालेर बाफमा भाक्का पकाएर



विक्री गर्ने गर्दछन् । यसरी पकाएको भाक्का बच्चादेखि बृद्धबृद्धाको विहानको खाजा हुने गरेको छ भने भाक्का बनाउने महिलाहरूको मौसमी व्यापारका रूपमा आयआर्जनको माध्यम बन्ने गरेको छ ।

पूर्वी तराईको लोकप्रिय खाजाको रूपमा रहेको भाक्का बिगतमा राजवंशी समुदायका महिलाहरूले मात्र बनाउने गर्दथे भने अचेल अन्य समुदायका महिलाले पनि मौसमी व्यापार हुन थालेपछि पकाएर बेच्न थालेका छन् । यसको माग बढेपछि मेचे, धिमाल, ताजपुरिया र थारूलगायतका महिलाहरूले समेत भाक्का बनाउन थालेका छन् । यसले राष्ट्रिय स्तरमा पहिचान पाइसकेका कारण प्रत्येक वर्ष पुस २९ गते झापामा आठ वर्षदेखि निरन्तर भाक्का दिवस मनाउन थालिएको छ । आदिवासी राजवंशी समुदायले आफ्नो मौलिक पहिचानका रूपमा भाक्का दिवस मनाउन थालिएपछि यसको व्यापार अझ बढेर गएको व्यवसाय गरिरहेका महिलाहरू बताउने गर्छन् ।

भाक्का बनाउन धानको चामललाई पीठो बनाएर सानो आकारको बटुकामा कपडाले बेरेर बाफमा केहीबेर पकाइन्छ । चिया र अचारसँग खाँदा भक्का स्वादिलो हुने कारण सवै समुदाय र वर्गका मानिस यस परिकारलाई रूचाएर खाने गर्छन् । परम्परागत रूपमा राजवंशी समुदायको मौलिक खानेकुरा भाक्का भनिए पनि यसको पहिचानको क्षेत्र बढेसंगै सबै समुदायको साझा परिकार हुँदै जाँदा मौसमी व्यापार समेत बढ्ने गरेको छ ।

# लामिछानेलाई थप ५ दिन हिरासतमा राखिने

झापा(प्रस) । कास्की प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछानेमाथि थप अनुसन्धान गर्न ५ दिनको म्याद थप भएको छ। जिल्ला अदालत कास्कीले लामिछानेसहित चारजनालाई अनुसन्धान गर्न प्रहरीलाई ५ दिनको म्याद दिएको हो। म्याद थपका लागि बिहीबार बिहान लामिछानेसहित छविलाल जोशी,रामबहादुर खनाल र लिला पछाइलाई अदालत उपस्थित गराइएको थियो । सहकारी ठगी,सम्पत्ति शुद्धिकरण र संगठित अपराधमा अनुसन्धानका लागि लामिछानेसहित चारैजना कास्की प्रहरी हिरासतमा छन्।

सहकारी ठगी प्रकरणमा लामिछानेविरुद्ध पाँच जिल्लामा उजुरी परेको थियो। उनीविरुद्ध कास्की,काठमाडौं,चितवन,रुपन्देही र पर्सामा उजुरी परेको थियो। पाँचवटै जिल्लामा उनीसँग बयान लिइसकेको छ। बयानसकिएकाले प्रहरीले उनीविरुद्ध मुद्दा चलाउने तयारी गरेको छ।

उनीविरुद्ध प्रहरीले सहकारी ठगी,सम्पत्ति शुद्धिकरण र संगठित



अपराध गरेको कसुरमा मुद्दा दायर गर्न सरकारी वकिललाई रायसहितको प्रतिवेदन बुझाउने तयारी गरेको छ। सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि वीरगन्ज ल्याइएका लामिछानेलाई बयान सकिएपछि बुधबार पोखरा पठाएको थियो।

वीरगञ्जको सानो पाइला बचत तथा ऋण सहकारी संस्थामा रकम अपचलन गरेको प्रकरणमा लामिछानेको बयान मंगलबार सकिएपछि बुधबार हवाईमार्गबाट पोखरा पठाएको हो। सहकारीको रकम गोरखा मिडियाबाट अपचलन गरेको आरोपमा प्रहरीले कार्तिक २ गते काठमाडौंमा पक्राउ गरी पोखरा लगेको थियो।

सहकारी ठगी प्रकरणमा लामिछानेलाई अनुसन्धानका लागि यसअघि रुपन्देही काठमाडौं र चितवनका जिल्ला प्रहरी कार्यालयमा लगिएको थियो। संसदीय समितिको प्रतिवेदनले पोखराको सूर्यदर्शन,बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था,काठमाडौंको स्वर्णलक्ष्मी सहकारी संस्था, साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था,वीरगञ्जको सानो पाइला बचत तथा ऋण सहरकारी संस्था र नेपालगञ्जको समानता सहकारीको रकम गोरखा मिडियामा लगेर अपचलन गरेको लामिछानेमाथि आरोप छ।

सहरकारी विशेष छानबिन समितिले सहकारीको रकम अपचलन गरेको आरोपमा गोरखा मिडिया नेटवर्कका

❖ बाँकी अन्तिम पृष्ठमा

# पूर्व वडाध्यक्ष मन्दिरको अध्यक्ष बनेपछि बधाई दिनेको ओइरो

• विनोद सापकोटा,

शिवगञ्ज ।२०७४ सालको स्थानीय तहको निर्वाचनमा वडा अध्यक्ष पदमा भारी मतले विजयी भएका पूर्व वडाध्यक्ष मन्दिरको अध्यक्ष पदमा निर्वाचित भएपछि बधाई दिनेको ओइरो छ ।

स्थानीय वडाको सरकार प्रमुख भएर पाँच वर्ष वडाका बासिन्दाको मन जितेका शिवसताक्षी नगरपालिका वडा नं ५ का पूर्व वडाध्यक्ष सत्यनारायण राजवंशी (टाइगर) मन्दिर समितिको अध्यक्ष बनेका हुन् । शिवसताक्षी ६ स्थित बृजेश्वर महादेवको सञ्चालक समितिको बुधबार सम्पन्न निर्वाचनमा अध्यक्ष पदमा निर्वाचित भएपछि उनको आलोचनासँगै सामाजिक सञ्जालमा बधाई



दिनेको ओइरो चलेको हो । २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका पदमबहादुर थापालाई भारी मतान्तरले उछिन्दै उनी पाँच वर्षका लागि ५ नम्बर वडाको वडा अध्यक्ष निर्वाचित भए । उनी नेकपा एमालेका जिल्ला तहका नेता हुन् । उनले वडामा गरेका विकास निर्माण, लक्षित समुदायको जीवनस्तर उकास्न गरेका प्रयास, बिजुली, स्वास्थ्यजस्ता क्षेत्रमा पुर्याएको योगदानको चर्चा गाउँमा अझै पनि छ । पूर्व वडाध्यक्ष मन्दिरको अध्यक्ष पदमा निर्वाचित भएको समाचार सामाजिक सञ्जालमार्फत फैलिएपछि जनमानसमा सकारात्मक र नकारात्मक दुवै चर्चा चलेको छ । शिवगञ्जका एक व्यक्तिले भने, 'यो घटनाले पदको महत्व नबुझेको प्रष्ट हुन्छ । म को हुँ र के को नेतृत्व गर्दैछु भन्ने सामान्य कुराको हेक्का राख्नु पर्छ । पूर्व वडाध्यक्षले यो विषयमा ख्यालै गर्नुभएन ।'

पूर्व वडाध्यक्ष राजवंशीले भने 'ठूलो पदीय हैसियतबाट सानो हैसियतमा उत्रनु भनेको आफ्नो योगदानलाई नजिकबाट जनतासम्म पुर्याउने अवसर पनि हो ।' उनले उच्च ओहोदामा काम गर्दै सिकेका पाठहरूलाई अब साना समस्याहरूको समाधानमा प्रयोग गर्ने बताए ।

उक्त मन्दिरमा १५६ जना सदस्यमध्ये ५२ जना आजीवन सदस्य छन् । बुधवारको निर्वाचनमा १४० मत खसेको थियो । त्यसमध्ये १०१ मत पूर्व वडाध्यक्ष सत्यनारायण राजबंशीले पाएका थिए भने उनका प्रतिद्वन्द्वी सूर्यनारायण राजवंशीले मात्र ३७ मत पाएको निर्वाचन समितिका संयोजक मंगलसिंह राजवंशीले बताए ।

समितिको उपाध्यक्षमा तेजप्रसाद विमली, सचिव बलराम ताजपुरिया, कोषाध्यक्ष पुष्पा राजवंशी तथा सदस्यमा इन्द्र राजवंशी, मिलेन्द्र राजवंशी, तारिका तिवारी कार्की, राजनारायण चौधरी र सूर्यनारायण राजवंशी यसअघि नै निर्विरोध भएका थिए ।

वृजेश्वर शिवालय मन्दिरको आर्थिक हिसाब किताव पारदर्शी नभएको आरोप लाग्दै आएको छ । । आजीवन सदस्यलाई आर्थिक प्रतिवेदन प्राप्त नभएको भन्दै मन्दिरका आजीवन सदस्य डम्बरबहादुर राजवंशीले बृजेश्वर शिवालय मन्दिरको निर्वाचन रोक्न माग गर्दै शिवसताक्षी नगरपालिकामा निवेदन दिएका थिए ।

नगर प्रमुख मेगाहाङ थोप्राले स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधनसहित) को दफा ११ को उपदफा ४ को (ठ) निवेदकको माग बमोजिम निर्वाचन रोक्न निर्वाचन समितिलाई पत्राचार गरेका थिए । तर, नगर प्रमुखको निर्वाचन स्थगन गर्न दिएको पत्रको बेवास्ता गर्दै निर्वाचन समितिले बुधवार निर्वाचन गराएर निर्वाचित भएको प्रमाणपत्र समेत उम्मेद्वारलाई वितरण गर्यो ।

निर्वाचन समितिले स्थानीय सरकार प्रमुखको लिखित निर्देशनलाई बेवास्ता गर्दै सशस्त्र प्रहरी र जनपथ प्रहरीलाई सुरक्षार्थ राखेर निर्वाचन सम्पन्न गरेको थियो । नगर प्रमुख थोप्राले भने, 'उक्त मन्दिरको आर्थिक पारदर्शिताका कारण देखाउँदै एक आजीवन सदस्यले निर्वाचन रोक्न माग गर्दै निवेदन दिनुभएको थियो । आर्थिक प्रतिवेदन साधारण सभामा स्वीकृत गराएर मात्र नयाँ नेतृत्व चयन गर्नुपर्ने प्रावधान छ ।' स्थानीय सरकारसमक्ष निवेदन परेपछि पालिकाले निर्वाचन रोक्न समितिलाई पत्राचार गरेको नगर प्रमुख थोप्राले बताए । 'छलफलपछि मात्र निर्वाचन गराउन हामीले निर्वाचन समितिलाई पत्राचार गरेका थियौँ । अब अहिले सुन्दैछु निर्वाचन हुँदैछ रे । यो समितिले वैधानिकता पाउँछ पाउँदैन त्यो पछिको कुरा हो,' नगर प्रमुख थोप्राले भने ।

पालिकाले निर्वाचन समितिलाई दिएको पत्रको बोधार्थ जिल्ला प्रशासन कार्यालयसहित स्थानीय वडा नम्बर ४, ५, ६ र ७ मा पनि पठाएको थियो । निर्वाचन समितिले बृजेश्वर शिवालय मन्दिर स्वायत्त संस्था भएकाले संस्थाभित्र सल्लाह गरी निर्वाचन सम्पन्न गरेको जनाएको छ ।

प्रथम संगै संबृद्धि

प्रथम बहुउद्देश्यीय सहकारी संस्था लि.

PRATHAM MULTIPURPOSE CO-OPERATIVE LTD.

प्रधान कार्यालय : बिर्तामोड ४ झापा | फोन न.: ०२३५३५४९९।२९९ | Email: Info@prathamsahakari.com.np

१२ औ बार्षिक साधारणसभा सम्बन्धि सूचना

मिति २०८१।०८।२८

यस संस्थाको १२ औ बार्षिक साधारणसभा तपशिल बमोजिम हुने भएकाले तोकिएको मिति र स्थानमा उपस्थित भईदिनुहुन अनुरोध छ

| मिति | इकाई | समय | स्थान |
|---|---|---|---|
| २०८१।०९।२३ | शरणामती कार्यालय | बिहान ९ बजे | शरणामती कार्यालय परिसर |
| २०८१।०९।२३ | शिवगञ्ज कार्यालय | दिनको १ बजे | शिवगञ्ज कार्यालय परिसर |
| २०८१।०९।२४ | राजगढ कार्यालय | बिहान ९ बजे | राजगढ कार्यालय परिसर |
| २०८१।०९।२४ | घैलाडुब्बा कार्यालय | दिनको १ बजे | घैलाडुब्बा कार्यालय परिसर |
| २०८१।०९।२५ | सगरमाथा कार्यालय | बिहान ९ बजे | सगरमाथा कार्यालय परिसर |
| २०८१।०९।२५ | बनियानी कार्यालय | दिनको १ बजे | बनियानी कार्यालय परिसर |
| २०८१।०९।२६ | बिर्तामोड कार्यालय | दिनको १० बजे | बिर्तामोड कार्यालय परिसर |

इकाई सभाबाट चुनिनुहुने प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभा मिति २०८१ पौष २७ शनिबार ११ बजे बिर्तामोडमा हुने छ ।

# विराटनगरमाथि पोखराको सुपर ओभरमा जित

झापा(प्रस) । सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मा पोखरा एभेन्जर्सले विराटनगर किंग्सलाई सुपर ओभरमा पराजित गरेको छ।

पाँचौं खेलमा पोखराको यो दोस्रो जित हो। विराटनगर भने पाँचमध्ये चार खेलमा पराजित भइसकेको छ। चार खेलमा पराजित भएसँगै विराटनगर लिग चरणबाट बाहिरिने संघारमा छ।
एनपिएलकै पहिलो सुपर ओभरमा पहिले ब्याटिङ गरेको पोखराका लागि आन्द्रेस गौस र रेमन्ड रेइफरले ब्याटिङ गरेका थिए। बलिङमा विराटनगरका कप्तान सन्दीप लामिछाने थिए। जसमा रेइफरले सुरुवाती दुई बलमा छक्का प्रहार गरे। तेस्रो बल डट भयो। चौथो बल चौका भयो। पाँचौ बलमा रेइफरले एक रन लिए। छैटौं बलमा गौसले एक रन लिए। सुपर ओभरमा पोखराले १८ रन जोड्यो।
सुपर ओभरमा १९ रनको लक्ष्य पाएको विराटनगरका लागि मार्टिन गप्टिल र निकोलास किर्टोन ब्याटिङमा थिए। बलिङमा पोखराका रेइफर थिए। पहिलो बलमा गप्टिलले ब्याट घुमाए पनि एक रन लिन सके। दोस्रो बलमा पनि किर्टोनले एक रन लिए। तेस्रो बलमा पनि गप्टिलले एक रन मात्र लिन सके। चौथो बल डट भयो। पाँचौ बलमा किर्टोनले एक रन लिए। त्यसपछि बल वाइड भयो। छैटौं बलमा गप्टिलले कुनै रन लिन नसक्दा विराटनगरले सुपर ओभरमा ५ रन मात्र जोड्न सक्यो।
त्यसअघि दुवै टोलीले २० ओभरमा १३९-१३९ रन जोडेपछि खेल सुपर ओभरमा गएको थियो।
१४० रनको लक्ष्य पछ्याउने क्रममा १९औं ओभरमा विराटनगरका प्रतिश जिसीले पोखराका माइकल लिक्सलाई ११ रनमा बोल्ड गरेपछि खेल रोमाञ्चक मोडमा पुग्यो।

पोखरालाई अन्तिम ओभरमा जितका लागि १४ रन चाहिएको थियो। ब्याटिङमा रेमन्ड



रेइफर र नारायण जोशी थिए। बलिङमा बसिर अहमद आएका थिए। पहिलो बलमा नाराणयले रन लिन सकेनन्। दोस्रो बलमा एक रन लिए। तेस्रो बलमा रेइफरले छक्का प्रहार गरे। चौथो बल डट भयो। पाँचौ बलमा पनि डट नै भएको थियो। अन्तिम बल छक्का भएसँगै दुवैको टोलीको स्कोर बराबरी भयो। खेलमा रेइफरले २३ बलमा ३४ रन जोडे।
पोखराका लागि ओपनर आन्द्रेस गौसले ३९ रन जोडे। उनले २७ बलमा ७ चौका प्रहार गरेका थिए। अर्का ओपनर दिनेश खरेल भने ११ रनमा आउट भए।
४७ रनको ओपनिङ साझेदारी गरेपछि खरेल आउट भएका थिए। खरेल र गौस दुवैलाई विराटनगरका देब्रे हाते प्रतिश जिसीले आउट गरे। जिसीले पोखराका जेन मलिङकलाई पनि ४ रनमा बोल्ड गरेका थिए।
पोखराका कप्तान कुशल भुर्तेल ३१ रन जोडेर आउट भए। उनलाई विराटनगरका क्रिस सोलले आउट गरे लगत्तैको बलमा त्रितराज दास एलबिडब्लूको धरापमा परेका थिए। बलिङमा विराटनगरका प्रतिश जिसीले ४ र क्रिस सोलले २ विकेट लिए।
कीर्तिपुरस्थित त्रिवि मैदानमा बिहीबार दिनको पहिलो खेलमा टस जितेर पहिले ब्याटिङ गरेको विराटनगरले ७ विकेटको क्षतिमा १३९ रन जोड्यो।
विराटनगरका लागि डेब्यू गरेका स्कट इडवार्डले सर्वाधिक ४५ रन जोडे। डच कप्तान इडवार्डले एनपिएलको पहिलो खेलमा ३५ बलमा ५ चौका प्रहार गरे। उनलाई पोखराका कप्तान कुशल भुर्तेलले १९औं ओभरमा एलबिडब्लूको धरापमा पारे।

त्यसअघि ओपनर लोकेश बमले २६ रन जोडे। पावरप्लेको अन्तिम बलमा रेमन्ड रेइफरको बलमा क्याच हुनुअघि उनले १६ बलमा २ चौका र २ छक्का प्रहार गरे।
अर्का ओपनर मार्टिन गप्टिल भने ५ रनमै आउट भए। गप्टिललाई पोखराका सागर ढकालले पाँचौं ओभरमा बोल्ड गरे।
नरेन भट्टले ४ रन मात्र जोड्न सके।
उनलाई दिनेश खरेलले सागरबाट क्याच गराए। निकोलास किर्टोनलाई पनि सागरले नै आउट गरेका थिए। किर्टोनले १३औं ओभरमा आउट हुनुअघि १६ बलमा १९ रन जोडे। अन्तिम ओभरको पहिलो बलमा रेइफरले विराटनगरका क्रिस सोललाई ७ रनमा विपिन खत्रीबाट क्याच गराए। चौथो बलमा वाइड हुँदा पनि दिपक बोहरा रनआउट हुन पुगेका थिए। विराटनगरका बसिद अहमद नटआउट २१ रन र प्रतिश जिसीले नटआउट ४ रन जोडे। बलिङमा पोखराका सागर ढकाल र रेइफरले २-२ विकेट लिए। सागरले ४ ओभरमा १५ रन र रेइफरले ३३ रन दिए।

# चिया परीक्षण तथा अनुसन्धान केन्द्र उद्घाटन

झापा(प्रस) । इलामको कन्याममा निर्माण गरिएको नेपालकै पहिलो चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्रको उद्घाटन गरिएको छ । चियाको राजधानी मानिने इलामको सूर्योदय नगरपालिकास्थित कन्याम चियाबगानभित्र निर्माण गरिएको चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्रको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बिहीबार एक कार्यक्रमकाबिच उद्घाटन गरेका हन् ।



कोशी प्रदेश सरकार र सूर्योदय नगरपालिकाले आर्थिक वर्ष २०७७ मा सुरु गरेको होटल, सेमिनार हल, क्याफेसहितको चिया परीक्षण केन्द्र २१ करोड ६७ लाख नौ हजार पाँच सय २६ रुपियाँको लगानीमा आर्थिक वर्ष २०८०-०८१ मा सम्पन्न भई उद्घाटन गरिएको सूर्योदय नगरपालिकाका इन्जिनियर दिपेश आचार्यले जानकारी दिए । उनका अनुसार केन्द्रमा चिया अनुसन्धानका मेसिन ल्याउन बाँकी छ ।
केन्द्रको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले उक्त चिया परीक्षण केन्द्र कोशी प्रदेश सरकारकै गौरवको आयोजना भएको बताए । उनले चियाको बजारीकरणका लागि उक्त केन्द्र कोसेढुंगा साबित हुने बताए । मुख्यमन्त्री कार्कीले भने, 'चियामा चौतर्फी समस्या आइरहेको बेला निर्माण भई सञ्चालन भएको केन्द्रले विदेशी वायर ल्याएर सोझै चिया बिक्री गर्न सक्छ।'
राष्ट्रिय चिया तथा कफी विकास बोर्डका निर्देशक डा. दीपक खनालले परीक्षण केन्द्र सञ्चालनका लागि बोर्डले प्राविधिक सहयोग गर्ने बताए । उनले भारतले नेपाली चिया रोक्ने काम पटक-पटक गर्दा नेपाली चियाको बजार अन्योलमा परेपछि चाइनामा चियाको बजार खोज्ने काम भइरहेको जानकारी दिए । 'हामी भारतको मात्र भर पर्नु हुन्न, गुणस्तर सुधारेर विश्व बजारमा नेपाली चिया लैजानु पर्छ,' निर्देशक खनालले भने ।

# धरानमा शनिबारदेखि योमरी महोत्सव हुँदै



झापा(प्रस) । नेवाः देय दबुले आगामी शनिबारदेखि तीनदिनसम्म यहाँ योमरी महोत्सव गर्ने भएको छ ।
दबुले बुधबार पत्रकार सम्मेलन गरेर धिमे नृत्यसहित महोत्सव गर्न लागेको जनाएको हो । पाँचौं संस्करणको यो महोत्सवमा दुई सय कलाकारले नृत्य प्रस्तुत गर्ने केन्द्रीय उपाध्यक्ष अनिल मास्केले बताए ।
नेपालभाषी समुदायमा यमरीपुन्ही अर्थात् योमरी पूर्णिमाका दिन (चामलको पीठोबाट बनाइएको र भित्र चाकु तथा तिल राखेर विशेष प्रकारले वाष्पद्वारा पकाइएको रोटी) देवीदेवतालाई चढाएर प्रसादका रूपमा खाने चलन छ ।

# सीमा क्षेत्रबाट गाँजा बरामद

झापा(प्रस) । पूर्वी पहाडी जिल्ला धनकुटा, भोजपुर, उदयपुरलगायतबाट अवैध रूपमा गाँजा उत्पादन गरी सुनसरीको दक्षिणी भारतीय सीमावर्ती क्षेत्रबाट तस्करी गर्ने गिरोह सक्रिय भएपछि पछिल्लो समय सशस्त्र प्रहरी बलले सीमावर्ती क्षेत्रमा सक्रियता बढाएको छ । यसक्रममा सुनसरीको सीमावर्ती क्षेत्रका साथै विभिन्न स्थानबाट सशस्त्र प्रहरी बलले ठुलो परिमाणमा प्रतिबन्धित गाँजा बरामद गरेको छ । सुनसरीमा लागूऔषध नियन्त्रण अभियानमा सशस्त्र प्रहरी बलले उल्लेखनीय सक्रियता देखाएसँगै चालु आर्थिक वर्ष २०८१/८२ को झन्डै पाँच महिनाको अवधिमा १५ क्विन्टलभन्दा बढी गाँजा बरामद भएको हो । गत आव २०८०/८१ मा एक हजार १०३ किलो गाँजा बरामद गरेको सशस्त्र प्रहरी बलले चालु आवको साउनदेखि हालसम्मको अवधिमा एक हजार ५०२ किलो गाँजा बरामद गरेको सशस्त्र प्रहरी बल ४ नम्बर गण सुनसरीले जनाएको छ ।
खुला सीमाको प्रयोग गरेर गाँजा भारततर्फ लैजाने योजनालाई विफल बनाउन सशस्त्र प्रहरी बलले नियमित गस्ती, चेकजाँच र गोप्य सूचनाका आधारमा सक्रियता देखाएको सशस्त्र प्रहरी बल ४ नम्बर गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक समेनन्द वज्राचार्यले जानकारी दिए ।
सीमावर्ती क्षेत्रका साथै जिल्लाका विभिन्न स्थानबाट बरामद गरिएको गाँजा नेपाल प्रहरीलाई कानुनी कारबाहीका लागि बुझाइएको छ । भोक्राहानरसिंह गाउँपालिका-८, सोनियाहीस्थित सीमा इलाकाबाट सशस्त्र प्रहरीले सोमबार राति करिब ६४ किलोग्राम गाँजा सशस्त्र प्रहरीले बरामद गरेको थियो । नेपालबाट भारततर्फ लैजाँदै गरेको उल्लिखित परिमाणको गाँजा सशस्त्र प्रहरी बल नेपाल नं. ४ गण सुनसरीमातहत बोर्डर आउट पोस्ट उल्टीले बरामद गरेको सशस्त्र प्रहरी उपरीक्षक वज्राचार्यले बतए । यसअघि सोही गणमातहत बिओपी साहेबगंजले बर्जु गाउँपालिका-६ स्थित चिम्डी बजारबाट करिब ३५ किलोग्राम गाँजासहितको अटो नियन्त्रणमा लिएको थियो । पछिल्लो समय सशस्त्र प्रहरी बलको गस्ती बढाउने, गोप्य जानकारीका आधारमा कारबाही गर्ने, सीमा क्षेत्रमा निगरानी गर्ने जस्ता क्षेत्रमा भएको सुधारले ठुलो परिमाणमा गाँजा बरामद गरी तस्करी रोक्ने अभियानमा उल्लेखनीय सफलता मिलेको बताइएको छ । सशस्त्र प्रहरी बलको सक्रियतामा सुनसरीमा ठुलो परिमाणमा गाँजा बरामदका अतिरिक्त चालु आवको पाँच महिनाको अवधिमा ६१ ग्राम ब्राउनसुगर, १९ हजार ८५० ट्याब्लेट ट्रमाडोलगायतका अन्य लागूऔषध पनि ठुलो मात्रामा बरामद गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ ।
यसक्रममा विगत पाँच महिनाको अवधिमा सशस्त्र प्रहरी बलको टोलीले गाँजालगायतका अन्य लागूऔषधको कारोबारी र तस्करीमा संलग्न १८ जनालाई पनि नियन्त्रणमा लिएको छ । त्यसैगरी लागूऔषधको ओसारपसारमा प्रयोग गरिएका तीन वटा कार, चार वटा मोटरसाइकल र एक अटो पनि नियन्त्रण गरिएको बताइएको छ । गत आवमा सुनसरीबाट सशस्त्र प्रहरी बलले अवैध लागूऔषध कारोबार र तस्करीमा संलग्न ४२ जना व्यक्तिलाई नियन्त्रणमा लिनुका साथै प्रतिबन्धित लागूऔषधको ओसारपसारमा प्रयोग गरिएका दुई थान एम्बुलेन्स, १२ वटा मोटरसाइकल र एक अटोसमेत नियन्त्रणमा लिएको थियो ।

# दुर्गाको बयान–प्रधानमन्त्रीको कागजात मैले बनाएको होइन



झापा(प्रस) । मेडिकल व्यवसायी दुर्गा प्रसाईँले प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्धको कागजात, भिडियो र फोटोहरू आफूले बनाएको अस्वीकार गरेका छन् । विद्युतीय कारोबार ऐन-२०६३ अन्तर्गतको कसुरको अनुसन्धानको क्रममा उनले भनेका छन्, 'ती प्रमाण मैले बनाएको कागजात, भिडिया तथा फोटोहरू होइन ।'
ओलीले कम्बोडिया स्थित स्मार्ट आजियटा कम्पनीमा लगानी गरेको भन्ने कागजात र फोटोहरू कम्बोडियामा बस्ने एकजना नेपालीले आफूलाई पठाएको जिकिर गरेका छन् । कम्बोडियामा बस्ने नेपालीले पठाएको कागजात आफूले पत्रकार सम्मेलन गरेर सार्वजनिक मात्र गरेको प्रसाईँले बयानमा खुलाएका हुन् ।
उनीविरुद्ध काठमाडौँ जिल्ला अदालतमा दायर अभियोगपत्रमा उल्लेखित बयानमा प्रसाईँले भनेका छन्, 'जनतालाई त्यसबारे प्रष्ट पार्न भनेर मिडियाका साथीहरूलाई बोलाएर प्रेशमिट गर्दा मैले पाएको फोटो र भिडियो देखाएको हुँ ।'नेपालमा भइरहेको राजनीतिक अस्थिरता, देशमा मौलाउँदो भ्रष्टाचार, चरम आर्थिक सङ्कट, युवाहरू विदेश पलायन, सामान्य नागरिकको महँगीको मारमा झेल्नु परेको पीडा मर्कालाई बुझी नेपालीहरुको अभिभावकको रूपमा मैले विगत ३ वर्षदेखि राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानको रूपमा नेतृत्वदायी भूमिकामा कार्य गर्दै आइरहेको छु ।
सो कार्यहरू गर्नमा अवरोध सृजना गर्ने नेपालको वर्तमान संघीय सरकार तथा सरकारको नेतृत्व गर्ने प्रमुख राजनीतिक दलका नेताहरूलाई चुनौती दिँदै सामाजिक तथा राजनीतिक अभियानहरू चालिरहेको छु ।

# २९७०० अमेरीकन डलरसहित गौरादहका मिया पक्राउ

झापा(प्रस) । स्रोत नखुलेको ठूलो मात्रामा अमेरीकन डलरसहित झापा गौरादहका एक व्यक्ति पक्राउ परेका छन् । बिहीवार दिउँसो २ बजे दमकबाट बिर्तामोडतर्फ आउँदैं गरेको प्रदेश १-०२-००१ ख ९५३० नम्बरको यात्रुबाहक बसलाई चेकजाँच गर्दा सोही बसमा सवार गौरादह नगरपालिका वडा न.५ बस्ने २५ वर्षीय मोहम्मद नौसाद मिया अमेरिकन डलरसहित पक्राउ परेका हुन् ।

मियाले बोकेको कालो झोला चेकजाँच गर्दा स्रोत नखुलेको अमेरीकन डलर १०० दरका २९७ थान २९,७०० (बिहीवारको नेपाली दररेट १ डलरको १३५.८२ अनुसार रु.४०,३३,८५४) फेला परेको हो । उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी नायव उपरीक्षक निशान थापाको कमाण्डमा खटिएको प्रहरी टोलीले कमल गाउँपालिका -३ केर्खा चोकस्थित पूर्वपश्चिम राजमार्गमा सवारी साधन चेकजाँच गर्नेक्रममा मिया सवार बसलाई पनि चेकजाँच गरेको थियो ।

### लामिछानेलाई...

अध्यक्ष जिबी राई,तत्कालीन प्रबन्ध निर्देशक लामिछाने, सदस्य कुमार रम्तेल र सञ्चालक छविलाल जोशीलाई कारबाही गर्न सिफारिस गरेको थियो। सहकारीको रकम अपचलनको मुख्य योजनाकार मानिएका जिबी राई भने फरार छन्।
सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्क प्रालिको खातामा आएको र उक्त रकम खर्च गर्ने प्रक्रियामा लामिछानेसमेतको सहभागिता देखिएको समितिले ठहर गरेको थियो।
गोरखा मिडिया नेटवर्कमा देशभरिका ९ वटा सहकारीको रकम अपचलन भएको समितिले निष्कर्ष निकाले छ। प्रतिवेदनमा उल्लेख भएअनुसार गोरखा मिडिया नेटवर्कमा पोखराको सूर्यदर्शन,बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी, चितवनको सहारा, वीरगन्जको सानोपाइलाको रकम अपचलन भएको छ। त्यस्तै इमेज, समानता, सुमेरू र आइएमईबाट पनि गोरखा मिडियामा रकम अपचलन भएको प्रतिवेदनमा उल्लेख छ। ती सहकारीका सञ्चालक र निर्णय प्रक्रियामा संलग्न सबैलाई कानुन विपरीतको कार्य गरेकाले कारबाहीका लागि सम्बन्धित निकायमा पठाउन समितिले सरकारलाई सिफारिस गरेको छ।







## बालविवाह मुक्त समाज निर्माण गरौं

- बालविवाह सामाजिक र कानूनी अपराध हो,
- बालविवाह गर्ने, गराउने कार्य कानून बमोजिम दण्डनीय हो,
- तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर हुने कानूनी व्यवस्था छ,

त्यसैले,

- बीस बर्ष नपुगी बिवाह नगरौं, नगराऔं,
- बालविवाहको विरुद्धमा सबै जुटौं,
- दोषीलाई कानूनको, दायरामा ल्याऔ,
- बालविवाह मुक्त समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सुध्रिएन अर्थतन्त्र

सरकारी नेतृत्वमा बसेकाहरूले अर्थतन्त्रको अवस्थाका विषयमा कुरा गर्दा आयात घटेको, विदेशी मुद्राको संचिति बढेको र निर्यात थोरै मात्रामा बढेको हुनाले नेपालको अर्थतन्त्र निकै सकारात्मक अवस्थामा रहेको वर्णन गर्छन् । तर, वास्तविकता त्यो छैन ।

कुनै पनि अर्थतन्त्रलाई समग्रमा बुझ्न 'म्याक्रो इकोनोमिक इन्डिकेटर'हरू अर्थात् मुद्रास्फीति, बेरोजगारी तथा आर्थिक वृद्धिको अवस्था जान्नुपर्छ । यसमध्ये मौद्रिक नीतिले मुख्यतः मुद्रास्फीति नियन्त्रण गर्न विभिन्न औजारहरू प्रयोग गर्दछ र तिनै औजारलाई प्रयोग गर्ने नीतिलाई मौद्रिक नीति भनिन्छ ।

नेपाल सरकारको प्रमुख आर्थिक सल्लाहकार मानिने नेपाल राष्ट्र बैंक अर्थात् नेपालको केन्द्रीय बैंकले पनि हरेक वर्ष मौद्रिक नीति ल्याउँछ र त्यसका केही बुँदामा केही समयका लागि छलफल चल्छ । अधिकांश वर्षहरूमा मौद्रिक नीतिका कारण देशको समग्र अर्थतन्त्र सकारात्मक वा नकारात्मक भएको स्पष्ट भने देखिएको छैन ।

करिब एक डेढ दशकअघि केन्द्रीय बैंकले खुला बजार अर्थतन्त्रमा असर पार्ने गरी ल्याइएका नीतिले पारेको दुष्प्रभावलाई त्यसपछिका मौद्रिक नीतिहरूले सुधार गर्ने निरन्तर प्रयास गरिरहेका भए पनि पूरै उल्ट्याएर देशलाई खुला आर्थिक वातावरण दिनसकेका छैनन् । नेपालमा विभिन्न समयमा विभिन्न राजनीतिक सोच भएका दलहरूले शासन गरेका छन् र कतिपय अवस्थामा आर्थिक नीतिका हकमा दुई अलग ध्रुवीय सोच भएका दलहरू पनि सत्तामा सँगै रहेका छन् । तर, नेपाल राष्ट्र बैंकको हकमा भने विगत लामो समयदेखि अनुदार संकुचित मौद्रिक नीति आत्मसात गर्दै बजारलाई नियन्त्रण गर्ने सोचको प्रभुत्व देखिएको छ ।

नेपालको धितो बजार एउटा लयमा चलिरहेको अवस्थामा त्यसमा विस्तारै नियन्त्रण नगरेर एकैपल्ट घाँटी समातियो । जब पुँजीबजारमा अत्यन्त नकारात्मक असर देखियो अनि बिस्तारै सहज पार्न थालिएको छ । धेरै वर्षको नियन्त्रणपश्चात् संस्थागत लगानीकर्ताले धितो राखेर २० करोडमात्र ऋण लिन पाउने व्यवस्था खारेज गरिएको छ । तर, व्यक्तिले सेयर धितो राखेर पाउने ऋण १५ करोडमै नियन्त्रित छ ।

एकातिर अर्थतन्त्र संकुचित हुँदैछ भने अर्कातिर मुद्रास्फीति दर भने बढ्दो छ । यसको स्पष्ट अर्थ हो – संकुचित मौद्रिक नीतिले वाञ्छित प्रतिफल दिन सकेको छैन । यस्तो अवस्थामा राष्ट्र बैंकले आफ्नो संकुचित मानसिकतामा परिवर्तन गर्नुपर्ने हो जुन अहिलेसम्म हुन सकेको देखिँदैन ।

कुनै पनि देशका शासकले जनताको न्यूनतम सुरक्षा पछि लिनुपर्ने जिम्मेवारी तिनको रोजगारी र अर्थतन्त्रको वृद्धि हो । तर, नेपालका राजनीतिक नेतृत्वहरू आफ्नो जिम्मेवारी स्वीकार्नेभन्दा अन्तै पन्छाउने रोगले ग्रसित छन् । राष्ट्र बैंक पनि आफूले एकैपल्ट घाँटी समातेर निस्सासिएको खुला बजार अर्थतन्त्रलाई बिस्तारै बिस्तारै खुकुलो बनाउँदै सकारात्मक मौद्रिक नीति ल्याएको भ्रम फैलाउँदैछ । यसपटकको मौद्रिक नीति पनि यही भ्रम फैलाउने क्रमको अर्को कडी देखिएको छ ।


Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# पूर्वप्राथमिक कक्षाको औचित्य



प्रेमनारायण भुसाल

नेपालको संविधानले आधारभूत तह अर्थात् आठ कक्षासम्म निःशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था गरेको छ । यस्तै नौदेखि १२ कक्षाको माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था पनि गरेको छ । संविधान अनुसार बनेको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन (२०७५) ले यी विषयलाई अझ स्पष्ट रूपमा परिभाषित गरेको छ । ऐनको दफा १ मा आधारभूत तहमा भर्ना हुने विद्यार्थीको उमेरका बारेमा पनि स्पष्ट व्यवस्था गरेको छ, जस अनुसार चार वर्ष पूरा भई १३ वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गरिएको छ । यसैको उपदफा २ मा उल्लिखित शिक्षाका अतिरिक्त चार वर्षको उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास शिक्षा प्रदान गर्नुपर्ने छ भनी प्रारम्भिक बालविकासको अवधारणा पनि राखिएको छ ।

ऐनमा चार वर्ष पुगेका विद्यार्थीलाई मात्र आधारभूत तहको पहिलो श्रेणी अर्थात् एक कक्षामा भर्ना गर्ने प्रबन्ध गरिएको छ । उपदफा २ मा भएको व्यवस्थालाई प्रारम्भिक बालविकास अथवा पूर्वप्राथमिक कक्षा तीन वर्ष र चार वर्ष उमेर पूरा भएका बालबालिका लागि सञ्चालन गर्न सकिने अर्थ लगाइएको छ । यस अर्थमा नेपालको मौजुदा कानुनले विद्यालय भर्ना हुनुपूर्व एक वर्षको बाल शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । कानुनतः एक वर्ष तथा मन्त्रालयद्वारा जारी प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ मा बढीमा दुई वर्षसम्मको बाल विकास कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था रहे पनि सेवामुखी भई सञ्चालन हुने भनी स्थापना भएका संस्थागत विद्यालयले भने तीनदेखि चार वर्षसम्मको पूर्वप्राथमिक शिक्षा सञ्चालन गर्दै आएका छन् ।

ऐनमा चार वर्ष उमेर पूरा भएका बच्चालाई मात्र पूर्वप्राथमिक शिक्षामा संलग्न गराउने भन्ने व्यवस्था भए पनि ऐन कानुनको पूरै बर्खिलाफ हुने गरी विद्यार्थीमाथि व्यवसाय सञ्चालन गरेका संस्थाहरूले नर्सरी, केजी, एल केजी, यु केजी गरी तीन चार वर्षका कार्यक्रम चलाएका छन् । यी कार्यक्रमको उद्देश्य बालबालिकाको सर्वाङ्गीण विकास वा उनीहरूको भौतिक क्षमता अभिवृद्धि गर्ने रहेको देखिँदैन । यसको उद्देश्य केवल अभिभावकबाट आर्थिक लाभ लिनु मात्र रहेको देखिन्छ । पछिल्लो समय युरोकिड्स, मन्टेस्वरी र यस्तै अन्य नामबाट पूर्वप्राथमिक कक्षाहरू सञ्चालन गरिने गरेका छन् । यस्ता विद्यालयमा १८ महिनादेखिका बालबालिका भर्ना हुने गरेका छन् ।

कामकाजी बाबुआमा, सानैमा पढाएपछि धेरै कुरा सिक्छ भन्ने गलत धारणा र व्यवसायीको अर्थमुखी प्रवृत्तिले गर्दा खास गरी सहरी क्षेत्रका गल्ली गल्लीमा पूर्व प्राथमिक विद्यालय मौलाइरहेका छन् । यी विद्यालयहरूले बालबालिकालाई उपयुक्त वातावरण दिएको भनी अभिभावकबाट महँगो शुल्क असुल गर्ने गरेका छन् । उनीहरूले असुल्ने शुल्क र दिने सेवामा सामञ्जस्य देखिँदैन । अर्कोतिर उनीहरूको आर्थिक क्रियाकलाप पनि पारदर्शी छैन ।

प्रारम्भिक बाल विकास दिग्दर्शन २०६२ पूर्वप्राथमिक विद्यालयको पाठ्यक्रमका रूपमा प्रकाशित भएको पाइन्छ । यसमा बालविकास पाठ्यक्रमको मूल उद्देश्य स्पष्ट पारिएको छ । विविध किसिमका मनोरञ्जनात्मक शिक्षण सिकाइ क्रियाकलापका माध्यमबाट तीन र चार वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकालाई प्राथमिक विद्यालयका लागि तयार गराउने उद्देश्य यसले राखेको छ । बालबालिकालाई बौद्धिक, मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक र सिर्जनात्मक विकासका अवसर प्रदान गर्नका लागि पूर्वप्राथमिक विद्यालय सञ्चालन गरिने र तिनमा बालबालिकालाई सरसफाइ र सुरक्षासम्बन्धी बानी बसाल्न प्रेरित गर्ने उद्देश्य राखिएको छ । बालबालिकालाई सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने र प्राथमिक शिक्षाका लागि तयार गराउने उद्देश्यले सञ्चालन गरिने पूर्वप्राथमिक विद्यालयमा बालबालिकाको विश्वास र उनीहरूमा सुरक्षाको भावना जागृत गराउने उद्देश्य लिइएको देखिन्छ ।

राज्यका तर्फबाट गरिएका व्यवस्था सामयिक र सान्दर्भिक देखिए पनि व्यावहारिक स्थिति भने त्यस्तो छैन । व्यवहारमा दुई वर्षका बालबालिकालाई पनि पाठ्यपुस्तक घोकाउने, लेखन कार्यमा संलग्न गराउने, अझ गृहकार्यको भारी बोकाइ घरमा समेत व्यस्त राख्ने प्रयास गरेको देखिन्छ । अनुशासन र राम्रो बानी विकास गर्ने भन्दै मनोसामाजिक रूपमा परिपक्व नभएका बालबालिकालाई बालसुलभ रूपमा बोल्न, खेल्न वञ्चित गर्ने, तालिकामा चल्न बाध्य पार्ने र आत्मनिर्भरताका नाममा पानी र गह्रुँगो झोला बोकाउने अभ्याससमेत बढेको छ । यस प्रकारका कार्यले बालबालिकालाई विद्यालय जानका लागि तयारी गराउने होइन बरु उनीहरूको कोमल मनमा डर र त्रासको भावना विकास गरी शिक्षण सिकाइ क्रियाकलापप्रतिको रुचि मार्ने काम भएको छ । साइको मोटकोर्डिनेसनको विकास नभएका बालबालिका अनुशासनका नाममा दण्डितसमेत हुँदै आएका छन् । उद्देश्य विपरीत सञ्चालन भएकै कारणले शिक्षा ऐन जारी गर्ने तयारी भइरहँदा निजी विद्यालय सञ्चालक प्याप्सन र एनप्याप्सनले पूर्वप्राथमिक विद्यालय दुई वर्षसम्मको मात्र सञ्चालन गर्न सकिने भनी प्रस्ताव गरिसकेका छन् । यसो भन्नुको तात्पर्य उनीहरूले दुई बर्से पूर्वप्राथमिक विद्यालयको माग गरेको भने होइन, बरू आजसम्म आफूहरूले गैरकानुनी रूपमा सञ्चालन गरेका विद्यालयलाई कानुनको मातहतमा ल्याई सुरक्षित अवतरण गराउने प्रयास गरेका हुन् । उमेर समूहका आधारमा विद्यालय भर्ना गर्ने वातावरण सिर्जना गर्ने मक्सद कानुनमा भए पनि व्यवहारमा लागु गर्न सकिएको छैन । सिकाइ र परिपक्वताका लागि उमेरले महत्वपूर्ण भूमिका खेल्ने कुरामा विवाद छैन तर पनि सानै उमेरमा विद्यालय भर्ना गरे बालबालिका बुद्धिमान हुन्छन् भन्ने भ्रमले पनि छोड्न सकेको देखिँदैन ।

पछिल्लो समय शिक्षा मन्त्रालयले प्रारम्भिक बाल विकास कार्यक्रम अर्थात् पूर्वप्राथमिक शिक्षा कति वर्षको हुन सक्ने भनी सुझाव माग गरेको छ । प्राप्त सुझावको वैज्ञानिक विश्लेषण गरी पूर्वप्राथमिक विद्यालयको व्यवस्था गरे राम्रो हुन्थ्यो तर सुझाव कति प्राप्त होलान् र प्राप्त सुझावलाई कतिसम्म उपयोग गरिएला भन्ने विषय भने शङ्काकै घेरामा रहेको छ । भलै ढिलै भए पनि मन्त्रालयले राम्रो कामको सुरुवात गरेको छ । यसको प्रतिफल बालबालिकाले पाउन सकुन् ।

पौरस्त्य सनातन पद्धतिमा ससाना बालबालिकालाई विद्यालय भर्ना गर्ने प्रचलन देखिँदैन । आठ वर्षको भएपछि मात्र व्रतबन्ध गरी गुरुकुलमा अध्ययन गराउने व्यवस्था हिन्दु सनातन धर्ममा देखिन्छ । छिमेकी राष्ट्र भारतमा पाँच वर्ष पुगेपछि मात्र विद्यालय तहमा भर्ना गर्ने र त्यसभन्दा अगाडि पूर्वप्राथमिक विद्यालयमा सिकाउने व्यवस्था रहेको पाइन्छ । यस्तै संयुक्त राज्य अमेरिकामा पाँच देखि छ वर्ष उमेर समूहका बालबालिकालाई एक देखि दुई वर्षसम्मको प्रिकिन्टर गार्डेन कक्षामा सिकाउने व्यवस्था रहेको छ । गुणस्तरीय शिक्षाका लागि संसारभर उत्कृष्ट ठहरिएको फिनल्यान्डमा भने छ वर्ष पुगेपछि मात्र विद्यालय भर्ना गर्ने व्यवस्था गरिएको छ । यस्तै अस्ट्रेलियामा तीनदेखि पाँच वर्षका बालबालिकालाई पूर्वप्राथमिक विद्यालयमा भर्ना गर्ने गरिन्छ । स्विट्जरल्यान्डमा भने पाँच वर्ष पूरा भएपछि विद्यालय वा घरमा बालबालिकालाई शिक्षा दिन आरम्भ गरिन्छ । जापानका सन्दर्भमा बालबालिका छ वर्षका भएपछि मात्र स्कुल अथवा ऐच्छिक रूपमा प्रिस्कुलमा समेत भर्ना गर्न पाउने व्यवस्था गरिएको छ । नेपालमा पनि कानुनी रूपमा चार वर्षका बच्चालाई प्रिस्कुलमा राख्न सक्ने प्रबन्ध रहेको छ । यसलाई तन्काएर दुई वर्षसम्मको प्रिस्कुल हुन सक्ने व्याख्या गरिएको छ । व्यवहारमा भने तीन देखि चार वर्षे प्रिस्कुलले ठाउँ पाएका छन् । नेपालमा प्रिस्कुलकै नाममा अभिभावकको अर्बौं रुपियाँ खर्च हुने गरेको पनि छ ।

संसारका यी सबै अभ्यासलाई हेर्ने हो भने नेपालका सन्दर्भमा कानुनी व्यवस्थामा भए जस्तै एक बर्षे प्रिस्कुल औचित्यपूर्ण देखिन्छ । चार वर्षभन्दा कम उमेरका बालबालिकालाई झोला बोकाउने, विद्यालय पठाउने कामलाई निरुत्साहित गर्नु नै उपयुक्त हुन्छ । बालबालिकाको अभिभावकप्रतिको संलग्नता र आबद्धता वृद्धि गर्नका लागि पनि चार वर्ष नपुगी प्रिस्कुलमा पठाउनु ठिक हुँदैन । प्रिस्कुलमा मस्तिष्कको पूर्ण विकास नभएका बालबालिकालाई पाठ्यपुस्तक पढाउने वा घोकाउने काम गर्नु हुँदैन । विद्यालय जानका लागि मानसिक रूपमा तयार गराउने उद्देश्य राखी मनोरञ्जनात्मक र बालबालिकाको सर्वाङ्गीण विकाससँग सम्बन्धित क्रियाकलाप गराउँदै जीवनोपयोगी सिप सिक्नका लागि उत्प्रेरित गर्नु यस्ता विद्यालयको मूल उद्देश्य हुनु पर्छ । मस्तिष्कीय विकास नहुँदै कक्षामा नराख्ने, होम स्कुलिङ (गृहशिक्षा) जीवनोपयोगी शिक्षा भएकाले आफ्नो भाषा, संस्कृति, मूल्य, मान्यता, संस्कार र धर्म घरमै सिकाउने वातावरण सिर्जना गर्नु आवश्यक छ ।

# कृषि सेनाको परिकल्पना



• सञ्जीव कार्की

अबको कार्यभार दिगो कृषि क्रान्ति हो । राजनीतिक पार्टी विभिन्न किसिमका सेना बनाउन तल्लीन छन् । साइबर सेना, आइटी सेना, युथ फोर्स, अखिल फोर्स, वाईसिएल, तरुण फोर्स यी सबै दस्ता सेना पुलिस जस्ता पार्टीका फोर्स हुन् । यिनको समाजमा खासै भूमिका देखिएको छैन । यस्ता प्रकृतिका राजनीतिक सङ्गठन उत्पादन र रचनात्मक कृषिमा जोडिनु सान्दर्भिक हुन्छ ।

राजनीतिक पार्टीका भातृ सङ्गठन र जनवर्गीय सङ्गठन असल उद्देश्य र नियत राखेर गठन गरिएका थिए । प्रजातन्त्र पुनर्बहाली र गणतान्त्रिक व्यववस्था ल्याउन यिनीहरूको योगदान विशेष र स्मणरीय छ । त्यसयता यिनीहरूका क्रियाकलाप अपवादमा राम्रा पनि छन् तर केही जनवर्गीय सङ्गठनलाई हेर्ने आममान्छेको दृष्टिकोण सकारात्मक छैन । यिनको रचनात्मक, सिर्जनात्मक क्षमता, उमेर र ऊर्जालाई कृषि उत्पादन र रोजगारमूलक व्यवसायसँग जोड्नुपर्ने बेला आएको छ ।

उद्योगधन्दा, कलकारखाना सिप र प्रविधियुक्त कम्पनी खोल्नु पर्ने र व्यावसायिक बन्नुपर्नेहरू किन विभिन्न नामका सैनिक र अर्ध सैनिक नामक दस्ता खोल्न र चलाउन चाहन्छन् ? प्रतिस्पर्धा गर्छन् ? किन राजनीतिक पार्टीहरू यस्ता कुरालाई प्रोत्साहन गर्न फोर्स र सैनिक नामक संस्था खोलिदिन मरिहत्ते गर्छन् ? के आजको अवस्था युवा र विद्यार्थीलाई राजनीतीकरण गर्न उक्साउनु हो ? युवालाई अर्थोपार्जनका क्रियाकलापमा लगाउनु पर्ने होइन र ? युवा सङ्गठनको हिजो आवश्यकता थियो किनकि मुलुकमा प्रजातन्त्र स्थापनार्थ । प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र प्राप्तिपछि युवाको भूमिका समाप्त भयो । प्रजातन्त्र स्थापना भएपछि त्यस प्रयोजनका लागि गठित संघ सङ्गठनलाई मुलुक निर्माणमा लगाउनुपर्ने हो । आजसम्म कुनै पनि राजनीतिक दलले यस्तो कर्म गर्न उचित ठानेनन् । अब यस दिशामा अघि बढ्नु पर्छ ।

श्रमजीवी पौरखी र पसिनाको कमाइमा विश्वास गर्ने मेहनत र बुद्धिले बाँच्ने जनशक्ति पैदा गर्नु पर्छ । काम सेवा र विशेष मह□वको क्षेत्र पहिचान गरी तदनुकूल जनशक्ति निर्माण गर्न राज्य चुक्दै आयो । अब यसको औचित्य पुष्टि गर्नु पर्छ ।

राज्यले आत्मनिर्भर, स्वाभिमानी र कर्मशील पुस्ता जन्माउन किन विशेष क्षेत्रको प्राथमिकीकरण गर्न जानेन ? हाम्रो आवश्यकता र सम्भावना के हो भन्नेतिर नीतिनिर्माताको ध्यान जानु पर्छ । हामीसँग के छ ? कुनै सम्भावना स्रोत र समयमा नभएर हामी पछाडि परेका हौ र ? पक्कै होइन हामीसँग यथेष्ट सम्भावना छन् तर हामी हाम्रा सम्भावना र अवसरमा निशाना लाउन पटक-पटक चुकेका छौं । अझै पनि हाम्रो चेत खुलेको छैन ।

असीमित सम्भावना र अथाह प्राकृतिक स्रोतसाधन भएर पनि हामी मगन्ते छौं । ठग भएका छौं । हामीले हामीलाई हाम्रो सम्भावना र शक्ति अनि भविष्यलाई ठगेका छौं । आफ्नो सुगन्ध भुलेर अर्काको दुर्गन्धमा मुग्ध छौं । संसारको भोक र शरीर जीवन र जगत पृथ्वी र प्राणीसँग सारभूत रूपमा जोडिएको पेसा कृषिलाई हेय बनाएर हामीले केही दशकदेखि आफ्नो खुट्टामा बन्चरो हान्दै छौं ।

हामीसँग प्रसस्त कृषियोग्य जमिन छ पानी माटो छ तर इच्छाशक्ति भएका केही गरौं । स्वदेशकै माटोमा नङ्गा खियाउ भन्नेहरू पनि नभएका होइनन् । कृषि प्रविधि, मल बिउबीजन, कृषि यन्त्र र कृषि औजार कृषकको सुविधा अनुसार छैन । सिँचाइको आधुनिक स्वरूप छैन । कृषिलाई उद्यमको रूपमा विकास गर्न 'कृषि लोन' सहज छैन फलस्वरूप यहीँ आफ्नै भूमिमा केही गरौं, श्रम र पसिनाले आफ्नै मातृभूमि भिजाऔं भन्ने चाह राख्ने युवा पलायन हुन बाध्य छ ।

स्वदेशमै रहे बसेको युवा पनि कृषि गर्न नाक खुम्च्याउँछ । किनभने हाम्रो शिक्षाले कृषिलाई विशेष सम्भानायुक्त क्षेत्र र स्वाभिमान युक्त कर्मशील पेसा मानेकै छैन । बरु हलो जोतेर माम खानुलाई हीन कर्मको रूपमा परिभाषित गरेको छ । जागिर र अन्य पेसालाई अब्बल ठानेको छ तर कृषिकर्मलाई दुःखीले गर्ने केही गर्न नस्कनेले गर्ने पेसाको रूपमा परिभाषित गरेर कृषिको अथाह सम्भावनालाई बन्ध्याकरण गर्न मद्दत गरेको छ । युवा शक्ति, सामर्थ्य र समयको बर्बादी भइरहेको छ ।

कृषिलाई सम्मानित पेसा मान्दैन र कृषकलाई हेला होचोको दृष्टिगोचर गर्छ । राज्यको नीति पनि किसानमैत्री छैन । कृषिलाई राज्यले आफ्नो अर्थतन्त्रको मेरुदण्ड किताबमा मात्रा स्वीकार गर्छ । वास्तविक धरातलमा स्वीकार गरेर तदनुकूल नीति र निर्णय गर्न सकेको छैन । जसको कारण रेमिट्यान्सको भरमा देश चलेको छ । आत्मनिर्भरता पराय बनेर परनिर्भरता परिचय बनेको छ । रेमिट्यान्सले धानिने देश र वैदेशिक रोजगारीलाई उच्च प्राथमिकता दिने देशको पहिचान बनेको छ ।

कुनै बेला खाद्यन्न निर्यात गर्ने देश अहिले सबै कुरामा पर निर्भर छ । आयातित कुरामा बाँचेको छ । उत्पादन छोडेर विदेशी समानको दलाली र बिचौलिया बन्नु परेको छ । आफ्नो उत्पादन भयो भने बेच्ने बजार छैन । विदेशी उत्पादनसँग कृषकले दुःखले उत्पादन गरेको वस्तुले प्रतिस्पर्धा गर्न सक्दैन । कृषिमा प्रतिकूलता नै प्रतिकूलता भएको कारण कृषि श्रम बजारमा काम गर्ने श्रमिकको अभाव छ । श्रमको मूल्य पनि कम छ तसर्थ नेपाली युवा खाडीका श्रम बजारमा पसिना र श्रम अनेकन खतरा मोलेर बेच्न बाध्य छन् । अतः राज्यले कृषि सेना निर्माण गर्ने जरुरत देखेको छु ।

बाँझो खेतबारी हरभरा बनाउन, पशु पन्छी पालन गर्न, कृषि जन्य उत्पादनमा आत्मनिर्भर बन्न, अन्न, तरकारी, फलफूल र माछा मासु यथेष्ट उत्पादन गरेर विदेश निर्यात गर्न, अनि जडीबुटी खेती, संशोधन प्रवर्धन र निकासी गर्न, बेरोजगार घटाउन, वैदेशिक रोजगारी कम गरी स्वदेशमै रम्ने रमाउने वातावरण बनाउन, पर्यावरणीय असन्तुलन कम गर्न खेती अनिवार्य सर्त हो । जसका लागि हामीसँग पर्याप्त भूमि छ । उपयुक्त हावापानी छ ।

कृषिको वैज्ञानिकीकरण बजारीकरण, यान्त्रीकरण र औद्योगिकीकरण र कृषिलाई उद्योग र कृषकलाई उद्यमी बनाउन सरकारले कृषिसम्बन्धी अत्याधुनिक, अनेकौं सिप, ज्ञान र प्रविधिले दक्ष कृषि सेना गठन गर्न पहल थालोस् । कृषिको व्यवस्थापकीय पक्षमा जति छिटो ध्यान दिन सकिन्छ त्यति छिटो नेपाली आत्मसम्मान र स्वाभिमान उँचो रहन्छ । खाद्यान्नमा आत्मनिर्भर रहने र विश्व बजारमा श्रम गर्न जाने युवालाई रोक्ने निति बनाएर कृषि सेनामा युवाको आकर्षण बढाउने कार्यक्रम राज्यले बनायो भने देशको मुहार फेरिने छ । बाँझा भूमि हराभरा हुने छन् ।

वन जङ्गल हरियाली बन्ने छन् । कृषिलाई पर्यटनसँग जोडेर स्वदेशी उत्पादनको प्रयोग गर्दै स्वदेशी उत्पादनलाई प्रचारप्रसार गरी विश्व बजारमा पठाउने वातावरण बनाउन राज्यले लागि पऱ्यो भने असम्भव केही छैन ।

कृषि सेनाको सम्भावनाबारे विस्तृत अध्ययन गरेर यसको कार्यान्वयन गर्न राज्यले सोच्ने हो भने स्वरोजगारी बढ्ने, उत्पादन बढ्ने र वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या घट्दै जाने छ । सेना, सशस्त्र प्रहरी र जनपद प्रहरीको सङ्ख्यालाई सिजनल कृषि सेना वा सबैलाई पालैपालो कृषि सेना बनाएर आवधिक रूपमा काम लगाउने मोडल पनि विकास गर्न सकिन्छ । यसो हुँदा भएको जनशक्तिको प्रयोग भयो र राज्यलाई आर्थिक भार पनि नपर्ने हुन्छ । यसरी सम्भव हुँदैन भने हरेक पालिका स्तरमा कृषि सेना गठन गरेर कृषि कर्ममा लगाउन सकिन्छ गाउँ समाज, युवाविहीन र जनशक्ति विहीन हुनुको आजको दुरावस्था रहँदैन । यो विषयमा बौद्धिक बहस चलोस् कृषि सेनाको सम्भाव्यता र जटिलता बारे अध्ययन होस् भन्ने हेतुले यो विषयको उठान गरिएको हो । कति व्यावहारिक कति अव्यावहारिक ? कति उपयुक्त कति अनुपयुक्त विवेचना हुने छ, कति सार्थक कति निरर्थक यो विषयमा पार्टीहरूले आफ्ना स्थानीय नेता कार्यकर्तालाई कम्तीमा आफ्नो कृषियोग्य भूमि बाँझो नराख्न उर्दी गऱ्यो भने पनि कृषिमा नव जीवन आउँछ । स्थानीय पार्टी कमिटीहरू कृषिमा आबद्ध भएर आफ्नो वरपर जमिन बाँझो नराख्ने जसरी हुन्छ जे उत्पादन हुन्छ त्यो उत्पादन गर्ने नीति अवलम्बन गर्दा मात्र पनि कृषिमा बहार आउँछ । राजनीतिक पार्टीले आफ्ना भातृ सङ्घ सङ्गठन विशेषत युवा विद्यार्थीलाई पार्टीको कृषि सेनामा अनुवाद गर्नु एउटा विकल्प हुन्छ भने अर्को छुट्टै कृषि सेना गठन गरेर सेना प्रहरीमा जनताका लागि कृषि युनिट बनाएर पनि कृषिमा काम गर्न सकिने मोडेलबारे बौद्धिक विमर्श सैद्धान्तिक छलफल र नीतिगत स्पष्टता बारे ज्ञान निर्माण गरौं ।

# अनुत्तरित प्रश्नहरूले परिवेष्टित अचाड़ु वर्तमान



• नकुल काजी

दोस्रो जनआन्दोलनको मूल र लगभग 'कुल' सफलता त केवल २३९ वर्षदेखि देशवासीका मन-मस्तिष्कमा वंशानुगत रूपमा 'देवत्व'-को अनुभूति प्रत्याभूत गराउँदै आएको शाहवंशीय राजतन्त्रको 'ठाउँ खाली' मात्र गरेको रहेछ । र, तदोपरान्त त्यस खाली ठाउँमा देश-शासनको ताला-चाबी तीनवटा दलको आलोपालो 'एकाधिपत्य हैकम'-ले भर्ने काम हुँदै आएको क्रममा गणतन्त्रोत्तर त 'देश'-रूपी बालीमा उनीहरूकै अङ्कुशहीन उफ्रीपाफ्री-बाँकट्टे र राइँदाइँ नै सदावहार बनेको छ । यसैलाई अझै पनि अघोषितरूपमा 'निमुखा प्रजा'-कै दर्जामा रहेका 'नेपाली'-ले प्रजातान्त्रिक युगाभ्यास मान्नु परिरहेको छ । उस समय राजकुलवंशीय शासन थियो र त्यसले एकाधिकार देश भोगेको थियो भने अहिले आँखीभौ समेत फुलिसकेका 'तीन टाउके'-को 'जहानियाँ' शासन बहाल हुँदै आएको छ । 'जहानियाँ' के मानेमा भने - पत्नी,भाइ,छोरी, ज्वाइँ, सम्धी, बुहारीदेखि पारिवारिक नाता -थर-गोत्रादिका आशे-पासेहरूलाई,आफू सिंहदरवारको उपल्लो कुर्सीमा बस्ने खेलो सफल भएको मौकामा, निर्लज्ज शासकीय अधिकारमा स्थापित गर्ने अप्रजातान्त्रिक दुष्कर्मलाई अरू के भनेर प्रष्ट्याउने त ? त्यति मात्र कहाँ र, सत्तासीन दलीय मालिक-मुखियाहरूले मातहतका पाउभक्त झोले, कौडे-कन्दने, गुइँठे, कालकाँधे, लबरस्वाँठ, चौट्टा, लबर धुङ, लोक्ते, भ्रष्ट, कमिसनखोर, दही-चिउरे, कमाउकान्ते आदि-इत्यादिको, सम्भवतः झापा-कचनकवलदेखि सगरमाथासम्मै ढलिमली चलिरहेका दृश्यावलीलाई के भनेर र कसरी बुझिदिनु पर्ने त ? यी सबै प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक परिवर्तनका द्योतक जात्रा हुन् त ? अतः यिनै विडम्बनावेष्टित शासकीय चरम मिलीभगते स्वेच्छाचारिताले भूइँ नागरिक जीवनका दैनिकीहरू त अविराम पीडित-प्रताडित भइरहेकै छ, सामाजिक र राष्ट्रिय परिवेश समूल वितृष्णा र वेचैन बनिरहेको छ ।

जसले जति नै परिपाठ लगाए पनि मान्छे विशेषले बुझेको वा अभ्यन्तरबाट ग्रहण गरेको विषय नै उसको 'सत्य' हुने हुन्छ - अन्यथा 'सत्य' सापेक्ष छ । अथवा, व्यक्तिले आफ्नो अनुभवको नाइलोमा छिन्किएर र उसका नितान्त निजी स्पन्दनहरू छामेर नधकाइकन दिने अभिव्यक्तिमै उसको सहोदर 'सत्य' हुने हुन्छ - चाहे समाजसँग वैभिन्न्य नराख्ने अवधारणागत मनोवैज्ञानिक नजरशर्मिन्दाका कारण उसले उसको अनुभूति अविकृत रूपमा अभिव्यक्त गरोस् वा अतिरञ्जित नै गरोस् । यस भावभूमिमाथि उभिएर हालको सरकारको अनुहारतिर हेर्दै यी अक्षर कुँदिरहँदा कलम मात्र होइन 'लाज' स्वयम् पनि लजाउने स्थिति जो अहिले विद्यमान छ । अन्य छत्ताछुल्ल विषयहरूमध्ये - सरकारले, उसकै घर-गाउँका पगितै 'मिडिया'-हरूले अस्ति गाईतिहारे औंसीको अघिल्लो दिन देखाएका, भनेका र छापेका खबरहरू प्रायः सबै सचेत कित्ताकाले देखेकै-सुनेकै त हुन् । ती केन्द्रीय सरकारले ठूलो सास फेरेको पनि सुन्न पाइरहेका ती सूचना माध्यमहरू भन्दैथे - "जाजरकोट र पश्चिम रुकुममा भूकम्प आएर हजारौंको गाँस-बास भताभुङ्ग पारी १५७ नेपालीको ज्यान समेत लिएर गएको आज ठ्याक्क एक वर्ष बित्यो, सरकारले उसैबेला घोषणा गरेको 'राहत' अझै पाएका छैनन् र चाडबाडको रमाइलो त परै जाओस्, यो हिउँद पनि टहरा-छाप्रामै बिताउनुपर्ने भयो इत्यादि भनेर पीडितहरूले चर्को उत्ताप सुनाएका छन् ।" तिनै मिडियाहरूले हालैको भीषण वर्षाले उसरी नै जन-धनको अत्यधिक तहसनहस पारेको काभ्रेका बासिन्दाका बिलौना पनि पुनरावृत गरेका थिए । देशभित्र हुँदा 'सुखी नेपाली समृद्ध नेपाल'-को जप-तपको गुड्डी हाँक्तै जन-सरोकारलाई बिन्दुभर नछुने हावाबाज गायत्री मन्त्र र अन्तर्राष्ट्रिय मञ्चमा कुर्लिने मौका पाउँदा त्यही मन्त्र 'सुखी नेपाली समृद्ध अन्तर्राष्ट्रिय जगत' बनाएर गर्धनका नसा फुलाउनेका लागि काभ्रे, जाजरकोट र पश्चिम रुकुमका लथालिङ्ग भूगोल र बिदीर्ण जनसमाजका प्रतिको असंवेदनशीलता नै आफ्नो 'शासकीय यथार्थको अनुहार' छर्लङ्ग देखिने नयाँ ऐना होइन र ? देश र देशवासीको अपूर्व कष्टकर जीवनचर्यालाई रत्तिभर सम्बोधन नगर्ने कुन परिभाषाको 'प्रजातन्त्र' हाँक्किइरहेको छ त ? जुन देशमा भ्रष्टाचार, कमिसनखोरी, 'सेटिङ' इत्यादि भनिने नागरिकमारा क्रियाकलाप बिरुद्धका आम आवाज र करुण क्रन्दन सुन्ने दायित्व बोक्नेहरूका कान गैंडाको छालाभन्दा बाक्ला (बहिरा) छन् एकातिर भने अर्कातिर नागरिकले आफ्ना आधारभूत गुनासा पोखेको चाहिँ नसुनेर - 'आधुनिक नेपाल बनाउने अभियानका लागि सत्तारुढ पार्टीलाई आधुनिक भवन चाहिने भएकाले ...' भनेर हाल एकाधिपत्य सरकारी पार्टीका बुख्याँचे पदाधिकारीहरू थप सक्कली भ्रटाचारमाथि पर्दा हाल्न तल्लिन गराइएका छन् । यो प्रसंग भाटभटेनीका खतुकी मालिकसँग सरकार प्रमुखले सपत्नी सार्वजनिक रूपमा उभिएर अर्बौं मूल्य पर्ने जग्गा सरेआम (घुस ?) लिएको विषयको पुष्टिलाई हो । यो पनि पाउभक्तहरूको भजन-कीर्तनमा आउने स्तुतिका बुँदामध्ये आउने गरेको, हाल निरीह बनेका, नागरिक-कानमा आलै छ । प्रजातन्त्रवाद किंवा साम्यवादका विश्वमान्य सारभूत सिद्धान्तहरूको यस किसिमको ठाडो उपहासप्रद अभ्यास विश्व समाजमा अन्यत्र कहीँ भइरहेको होला त ? अर्थात् , विश्वका अन्य देशहरूमा नभएको अभ्यास नेपालमा हुनुलाई नै गणतन्त्रोत्तरका शासकहरूले 'आफ्नो विशेषता' मानिरहेका पनि हुन सक्तछ । तर, के तौजी नमिलेर हो कुन्नि, असन्तुष्टी र आक्रोश जति नै बढे पनि नागरिक तप्काले निर्णायक निष्कर्ष आँक्न सकिरहेको छैन । यद्यपि, यो 'आँधी आउनुअघिको आकाशे सन्नाटा' पनि हुन सक्छ ।

दलीय प्रजातान्त्रिक शासन प्रणाली भएका देशहरूमा संस्थाको रूपमा चल्ने प्रकृतिका दलहरू नै शासनका मुख्य र अपरिहार्य अवयव मानिन्छन् । परन्तु, हाम्रो देशको वर्तमानमा, खासगरी २०४८ सालयता, शासनमा अवतरित हुने गरेका दलहरूले आफू मुख्य नेता (मुखिया !) रहेको दललाई बपौती वा पैतृक जिमीदारीको झल्को दिने गरेर जन-नजरमा अचाढू खेल चलाइआइरहेका छन् । र, 'अनभिज्ञ मतदाताको बाहुल्य'-बाट लाभान्वित उनीहरूका मुखिया तप्कादेखि तल क्रमशः पटुवारी, डफ्फेदार, कार्बारी हुँदै हल्कार ासम्म सबैले जन-सरोकारका विषयमा असरल्लै भाषण बास्ने बाहेक अभ्यासलाई शून्यप्रायः राख्ने चलन यो ताजा वर्तमानमा त झन् प्रखर बनाएका छन् । उनीहरूका भाषणमा 'सुशासन', 'भ्रष्टाचारबिरुद्ध शून्य सहनशीलता', 'देशको समृद्धि' इत्यादि नागरिकलाई गुलियो अनुभूत हुने शब्दहरू 'नौमति बाजामा स्वर ढाक्ने ढोलक' उखानको धर्ममा प्रयुक्त हुन्छन् । यस्ता भाषण सुनिरहँदा र उनीहरूकै उपल्ला नेताहरू भ्रष्टाचारमा हाकाहाकी चुर्लुम्मिरहेका नाटकीय खेल-तमाशा हेरिरहँदा यस्तो अल्मल र खल्बल पैदा हुन्छ, मानों, राज्यव्यवस्था परिवर्तन भनेको यही हो त ? त्यसो भए अघिल्लो व्यवस्थालाई अवरोपण गरी मौजूदा व्यवस्था उपस्थापित गर्न आम नेपालीको सहयोग बटुलिरहेका बेलाका प्रतिबद्धताहरू कसलाई सोधेर यस रूपमा पर्लक्क उल्टाइएको हो ? कि यसो गर्न ठूला-हैकमी दलका ऋषिकेश, धनराज, गोकुल, शंकर वैरागी, लिलाबल्लभ प्रवृतिको नेतृत्व थियो र उनीहरूले सम्मान पाइरहेका हुन् त ? नागरिकवृत्तका नेपालीमा कानूनी राज्य र विधिको शासन थला परेको आभाष भइरहेको तथा जन-सरोकारका उम्दा विषयहरूको रोदन-क्रन्दनका प्रति 'राज्य'-को समवेदना रित्तिरहेको यो समय-सन्दर्भमा यस्ता हजारौं प्रश्न नागरिक जीवनका हरेक तप्कामा उर्लिरहेको छ । त्यसो हुँदा कुलमान घिसिङ, रबि लामिछाने, शेखर कोइराला प्रवृतिका प्रतिको जन-रुझान आखिर केको परिणाम हो नि ? अथवा , स्थानीय निकायहरूका हालै सम्पन्न विभिन्न पद-पूरक निर्वाचनको परिणाममा 'मौजूदा राज्य'-ले के देख्यो र के बुझ्यौ त ?

अतः 'जनता' भनेको देशको स्थूल परिभाषामा सर्वोपरि 'भूगोल'-पछिको दोस्रो अवयव हो र तिनले छलकपट, ढाँटढुँट र हेपायती व्यवहार एउटा हदसम्म मात्र सहन्छ । र, स्वयम् आफ्नो रूप धागो छिनेको चङ्गा वा वर्षायामको गङ्गामा परिणत गर्न पनि सक्छ । किनभने, कहींका पनि किन नहुन्, 'जनता' राजनीतिका पेशेवार हुँदैनन् , जीवन निर्वहन नै उनीहरूको जीवन-जगतको सर्वस्व हुने हुन्छ । यस्तै उदाहरण त केही वर्षदेखि वरिपरिकै देशहरूमा प्रकटित छैनन् र ??.....

# साइबर अपराधको मुद्दामा दुर्गालाई धरौटीमा छोड्न आदेश

झापा(प्रस) । विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई साइबर अपराधको मुद्दामा धरौटीमा छोड्न आदेश भएको छ । काठमाडौं जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको इजलासले प्रसाईंलाई धरौटीमा छोड्न आदेश दिएको काठमाडौं जिल्ला अदालतका श्रेस्तेदार रामु शर्माले जानकारी दिए । प्रसाईंलाई ४० हजार धरौटीमा छौड्न आदेश भएको शर्माले बताए ।

प्रसाईंलाई संगठित अपराधको मुद्दामा पनि प्रहरीले अनुसन्धान गरिरहेकाले उनी प्रहरी हिरासत बाहिर भने आउने छैनन् ।

संगठित अपराधमा अनुसन्धान गर्नका लागि प्रसाईंलाई हिरासतमा राख्न अदालतले यसअघि नै म्याद दिएको छ ।

# एनआरटी इलाम गोल्डकपको फाइनलमा



झापा(प्रस) । साविक विजेता न्यूरोड टिम 'एनआरटी' इलाममा जारी 'दोस्रो इलाम गोल्डकप' फाइनलमा प्रवेश गरेको छ । प्रतिस्पर्धी रेडस्टार झापालाई १ का विरुद्ध २ गोलले हराउँदै एनआरटीले इलाम गोल्डकपको फाइनल यात्रा तय गरेको हो ।

बिहीबार सम्पन्न सेमिफाइनल चरणको अन्तिम खेलमा एनआरटीका अञ्जान विष्टले ४५ मिनेटमा पहिलो गोल गरे । उनको यो गोल एनआरटीमा प्रवेश गरेपछिको पहिलो (डेब्यू) गोल हो ।

५३ औं मिनेटमा रेडस्टार झापाबाट खेलेका विदेशी खेलाडी इमानुवेल बोटेक्सले एनआरटीविरुद्ध जवाफी गोल फर्काउँदै खेललाई बराबरीमा पुऱ्याए । ६१औं मिनेटमा विवेक गुरुङले एनआरटीका तर्फबाट दोस्रो गोल गरे । उनले गरेको यो गोल नै एनआरटीका लागि निर्णायक बन्यो । यो जितसंगै एनआरटीले इलाम गोल्डकप उपाधिका लागि लिग विजेता चर्च ब्वाइज क्लबसंग भिड्नेछ । बिहीबारको खेलमा एनआरटीका तर्फबाट पहिलो गोलकर्ता विष्ट म्यान अफ दि म्याच घोषित भए ।

मसिंर २१ गते सुरु भएको प्रतियोगितामा भारतको एकसहित ८ टिम सहभागी थिए । प्रतियोगिताको फाइनल खेल मंसिर २९ गते हुँदैछ । विजेताले नगद १० लाख र उपविजेताले पाँच लाख रुपैयाँसहित उपाधि प्राप्त गर्नेछन् ।

# स्वदेश फिर्ताको माग गर्दै भुटानी शरणार्थी

झापा(प्रस) ।
देशभर मानवअधिकार दिवस मनाइरहँदा पूर्वी नेपालमा रहेका भुटानी शरणार्थीहरुले आफूहरुको मानवअधिकारको विषयमा गम्भीर बन्न अन्तर्राष्ट्रिय सुमदायसँग गुहार मागिरहेका छन् । ३३ वर्षदेखि झापा र मोरङमा रहेका दुई वटा शरणार्थी शिविरका शरणार्थीहरु स्वदेश फिर्ताको प्रतीक्षामा छन् । मानव अधिकारको सदस्य रहेको नेपाल, भुटान र भारतले चाहेमा स्वदेश फर्कन चाहने शरणार्थीहरुलाई स्वदेश फिर्ता गराउन सक्ने भए पनि आफूहरुको विषयमा चासो नदिइएको शरणार्थीहरुको गुनासो छ । मानवअधिकारवादीहरुले पनि शरणार्थी समस्या समाधान गर्नका लागि पहल गर्न सरकारसँग बारम्बार आग्रह गर्दै आएका छन् ।

भुटान पिपुल्स पार्टीका अध्यक्ष एवम् स्वदेश फिर्तीको माग उठाउँदै आएका भुटानी शरणार्थी नेता बलराम पौडेलले स्वदेश फिर्ता, तेस्रो देश पुनर्वास र स्थानीयकरण गरेर तीन वटा विकल्प रोज्न पाउने बताइए पनि तेस्रो देश पुनर्वास बाहेकका विकल्प खुला नहुँदा शरणार्थीहरुमाथि अन्याय भएको बताए ।

"स्वदेश फिर्ता हुन पाउनु हाम्रो अधिकार हो," पौडेलले भने, "हामी भुटानी शरणार्थीहरु राष्ट्रियताविहीन बनेका छौं र योभन्दा ठुलो मानवअधिकारको हनन अरु के हुनसक्छ र ?"

अमेरिका, अस्ट्रेलिया, क्यानडालगायतका मुलुकमा एक लाख १० हजारभन्दा बढी शरणार्थी पुनर्वास भए पनि आफ्नो देश फर्कन पाउने आशामा उनीहरु रहेको उनको भनाइ छ ।

"शिविरको कष्टकर बसाइ सहन नसकेर विदेशिएकाहरु र अहिले पनि शिविरमा रहेका शरणार्थीहरुका लागि स्वदेश फिर्ताको विकल्प खुला हुनुपर्छ भन्ने हाम्रो माग हो," पौडेलले भने । दातृ निकायहरुले शरणार्थीहरुलाई उपलब्ध गराउँदै आएका सहयोग रोकेपछि शिविरमा रहेका शरणार्थीहरुको दैनिकी कष्टकर रहेको उनको भनाइ छ ।

# हल्दिवारी ३ का विद्यार्थीहरुलाई स्कुले ब्याग वितरण



झापा(प्रस) । हल्दिवारी गाउँपालिकाको ३ नं वडा कार्यालयले वडाभित्रका सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई स्कुले ब्याग वितरण गर्न थालेको छ । वडा कार्यालयले सामुदायिक विद्यालयका कक्षा-१ देखि ५ सम्मका विद्यार्थीलाई स्कुले ब्याग वितरण गर्न थालेको हो । बिहीवार पहिलो दिन एक कार्यक्रम आयोजना गरी पञ्चायत माध्यमिक विद्यालयका विद्यार्थीलाई स्कुले ब्याग वितरण गरिएको छ ।

पञ्चायत माविकी बाल क्लब अध्यक्ष प्रतिमा लिम्बूको अध्यक्षता तथा वडा अध्यक्ष बिष्णुप्रसाद ओलीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत मन्तव्य विद्यार्थी गंगा विश्वकर्माले गरेकी थिइन् । कार्यक्रममा वडा सदस्यहरु अजितकुमार बिष्ट ,कर्ण भण्डारी , बिष्णुमाया ढुङ्गेल, शिक्षक शिक्षिका , विद्यार्थीलगायतको उपस्थिति रहेको थियो ।कार्यक्रमको संचालन अभिषेक खतिवडाले गरेका थिए । शुक्रवार रामेश्वर प्राथमिक विद्यालय र लक्ष्मी माध्यमिक विद्यालयमा स्कुले ब्याग वितरण गरिने जनाइएको छ ।

# असहायलाई सहयोग गरेर खड्काले मनाइन् जन्मदिन

बिर्तामोड(प्रस) । विगतदेखि आफ्नो जन्मदिनमा विभिन्न रचनात्मक कार्य गर्दै आएकी संयुक्त महिला आवाज नेपालकी केन्द्रीय अध्यक्ष शिखा खड्का गणेशले यस वर्ष आफ्नो जन्मदिनमा एकजना दृष्टिविहीन असहाय महिलालाई सहयोग गरेकी छन् । विगत ६ वर्षदेखि सामाजिक क्षेत्रमा क्रियाशील खड्काले यस वर्ष आफ्नो जन्मदिनमा बिर्तामोड - २ बालुवाटार बस्ने दृष्टिविहीन असहाय एकल महिला ५७ वर्षीया धामुसरी राजवंशीलाई खाद्यान्न सामग्री दिएर सहयोग गरेकी हुन् । आफूले जन्मदिनमा गरिने फजुल खर्चलाई कटौती गरी दीनदुःखीहरुलाई सहयोग गर्दै आएको उनले बताइन् । विगतका वर्षहरुमा पनि उनले बाल आश्रम र बृद्धाश्रममा जन्मदिन मनाएकी थिइन् ।

यसैबीच संयुक्त महिला आवाज नेपाल बाह्रदशी शाखाको आयोजनामा सेनेटरी प्याड बनाउने तीन दिवसीय तालिम सम्पन्न भएको छ । बाह्रदशी -५ मा सम्पन्न तालिममा ५० जना महिला सहभागी थिए । बाह्रदशी ५ नं वडा कार्यालयको सहयोग रहेको तालिममा निता कार्की र हेमकुमारी श्रेष्ठले सहजीकरण गरेका थिए । तालिम लिएका महिलाहरुलाई स्वआर्जनमा लगाउन वडा कार्यालयले सहयोग गर्ने प्रतिवद्धता जनाएको छ । यसअघि संयुक्त महिला आवाज नेपालको आयोजनामा हल्दिवारीमा नौमती बाजासम्बन्धी तालिम गरिएको थियो । महिलाहरुलाई स्वरोजगार र स्वाबलम्बी बनाउन त्यस्ता आयमूलक र सीपमूलक तालिमहरु आयोजना गरिएको खड्काले बताइन् । गत वर्षको भदौमा महिलाहरूको हक, अधिकार संरक्षण एवं बाल अधिकारको क्षेत्रमा कार्य गर्ने उद्देश्यले संयुक्त महिला आवाज नेपाल नामक संस्था गठन गरिएको थियो ।

बिर्तामोड नगरपालिका-२ निवासी खड्काको अध्यक्षतामा उक्त संस्था गठन गरिएको हो । खड्का यसअघि महिला हिंसा न्यूनीकरणका लागि कार्यरत संस्था मेची-महाकाली बुहारी संयुक्त आवाजको संस्थापक झापा अध्यक्ष थिइन् ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** आज निर्णय कार्यान्वयन हुन गारो होला । स्वास्थ्यमा समस्या आउन सक्छ ।

**वृष** जोशजाँगर र आत्मबलमा कमी आउनेछ ।वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुंजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।